नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २६९ २०८२ साल जेठ १७ गते शनिबार (31 May 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मदिरा र सुर्तीजन्य ... ३ पृष्ठमा : गणतन्त्र स्थापनाका १७ वर्ष: ... ३ पृष्ठमा : आधा विश्वले जलवायु ...

## मापदण्ड विपरीत सञ्चालनमा रहेका विद्यालयको संख्या एक दर्जन भन्दा बढी



**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ।**

अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा संञ्चालन गर्ने सप्तरीमा विद्यालयको संख्या एक दर्जन भन्दा बढी पुगेको छ।

जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइले केही दिन यता थालेको विद्यालय अनुगमनका क्रममा शुक्रबार सम्म अनुमति भन्दा माथिल्लो तहको कक्षा सञ्चालन गर्ने विद्यालयको संख्या १६ पुगेको हो।

अनुमति लिदाको समय विद्यालय सञ्चालकले उल्लेख गरेको ठेगाना भन्दा फरक ठाउँमा विद्यालय सञ्चालन गरेको समेत पाईएको अनुगमन टोलीका नेतृत्वकर्ता जिल्ला शिक्षा विकास समन्वय ईकाइ सप्तरीका प्रमुख शशी कुमार यादवले बताए।

सप्तरीमा रहेका १८ पालिकामा विगत दुई साता थालिएको अनुगमन शुक्रवारसम्म राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र विष्णुपुर गाउँपालिका गरि ४ पालिकामा सकिएको छ।

अझै १४ पालिकामा अनुगमन गर्न बाँकी नै रहेकाले मापदण्ड विपरित सञ्चालनमा रहेका विद्यालयको संख्या ठूलै देखिने अनुमान गरिएको उनको भनाई छ।

उच्च अदालत जनकपुर-राजविराज इजलासले गत बैशाख १९ गते अनुमति विनाको थप कक्षा सञ्चालन नगर्न/गराउन आदेश जारी गरेपछि त्यसलाई कार्यान्वय गराउन अनुगमन तिब्र बनाइएको उनले बताए।

अनुगमनका क्रममा

*बाँकी अन्तिम पृष्ठमा*

## अदालतबाट कैद सजाय र जरिवाना तोकिएका फरार आठ प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ।**

अदालतबाट कैद सजाय तथा जरिवाना तोकी फरार रहेका आठ प्रतिवादीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरी तथा मातहतका इलाका प्रहरी कार्यालयबाट खटेको प्रहरी टोलीले सप्तरी जिल्ला अदालतबाट विभिन्न मुद्दामा कैद सजाय ठहर भएका फरार आठ जना प्रतिवादीलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा अपहरण उद्योगका सप्तरीको डाक्नेश्वरी नगरपालिकाका रासलाल साह र मलाबक्स मिया छन्। दुबै जनालाई सप्तरी जिल्ला अदालतले उक्त मुद्दामा जनही एक वर्ष पाँच महिना ६ दिन कैद सजाय हुने ठहर गरेको थियो।

यस्तै बहुविवाह मुद्दामा अदालतबाट एक वर्ष कैद सजाय तोकिएका राजविराज नगरपालिका ४ बस्ने राजेश अग्रवाल पनि पक्राउ परेका छन्। यस्तै चौपाया चोरी मुद्दामा १७ दिन कैद भएका

*बाँकी अन्तिम पृष्ठमा*

## पैत्रिक सम्पतीबाट दुई कट्ठा जग्गा आश्रमका लागि दान दिएका छु : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**जनकपुर, १६ जेठ।**

तीन दिवसीय गणतन्त्र दिवस मनाउने क्रममा शुक्रबार अन्तिम दिन मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मानव सेवा आश्रममा आश्रित व्यक्तिहरुलाई खाना खुवाएको छ।

प्रदेश सरकारका प्रवक्ता समेत रहेका मन्त्री राजकुमार लेखीले जनकपुरस्थित मानव सेवा आश्रममा रहेका खुला आकाशमुनी सडकपेटी एवं सार्वजनिक स्थलहरुमा कष्टपुर्ण जीवनयापन गर्न विवश सहयोगापेक्षी (अनाथ, अपाङ्ग, अशक्त, असाहय एवं मनोरोगी) हरुलाई खाना खुवाएका हुन्।

*बाँकी अन्तिम पृष्ठमा*

## चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डमा लेखी नियुक्त



**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ।**

चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड मधेश प्रदेशको अध्यक्षमा सप्तरीका किशोर कुमार लेखी नियुक्त भएका छन्।

मधेस प्रदेश सरकार गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गत रहेको उक्त बोर्डको अध्यक्षमा सप्तरीको सप्तकोशी नगरपालिका ५ निवासी किशोर कुमार लेखी नियुक्त भएका हुन्।

यसअघि सोही मन्त्रालय अन्तरगत मिडिया काउन्सिलको अध्यक्षमा बाराका कमल उपाध्याय तथा आमसंचार प्राधिकरणको अध्यक्ष सप्तरीका जितेन्द्र खड्गा नियुक्त भइसकेका छन्।

यद्दपी मिडिया काउन्सिलका अध्यक्ष कमल उपाध्यायले पदभार ग्रहण गरेको २४ घण्टा नबित्दै अख्तियाले उनी बिरुद्ध विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी मुद्दा दायर गरेपछी स्वत् निलम्बन हुन पुगेका छन्।

**घरभाडा चाहिएमा**

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस्।

राजविराज ४

९८४२८२१०८२, ९८१९७२५०८२

**मेलमिलापबाट विवादको समाधान गरौं ।**

**मेलमिलापबाट:**

- विवाद छिटो, कम समय र खर्चमा समाधान हुन्छ,
- सम्बद्ध पक्षले आफ्नो इच्छाअनुसार समाधान खोज्ने मौका पाउँछन्,
- आपसी सम्बन्ध सुधार हुन सक्छ,
- सम्बद्ध सबै पक्षलाई जितको अनुभव गराउँछ,
- तटस्थ र निष्पक्ष रुपमा विवादको समाधान हुन सक्छ,

**विवाद समाधानमा मेलमिलाप पद्धतिलाई अपनाऔं र अरुलाई पनि उत्प्रेरित गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# अर्थतन्त्रलाई गतिशील बनाउने यस्ता छन् सरकारको योजना

काठमाडौँ, १६ जेठ (रासस)।

सरकारले मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउनका लागि विभिन्न सार्थक प्रयास गर्ने लक्ष्य निर्धारण गरेको छ। सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेटमा मुलुकलाई निर्धारित समयअगावै सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमको निगरानी सूचीबाट बाहिर निकाली अर्थतन्त्रको विश्वसनीयता अभिवृद्धि गर्नु सरकारको महत्त्वपूर्ण कार्यसूची रहेको उल्लेख गर्नुभएको छ।

यस्तै पहिलो सार्वभौम क्रेडिट रेटिङबाट प्राप्त भएको उत्साहजनक नतिजालाई बाह्य पुँजी परिचालनका लागि उपयोग गर्दै माथिल्लो रेटिङ प्राप्त गर्न आर्थिक सुधारका थप कार्यक्रम अघि बढाउने योजनासमेत उहाँले सुनाउनुभयो।

निजी क्षेत्रको मनोबल बढाउन र लगानीको वातावरण सृजना गर्न अध्यादेशमार्फत कानुनहरूमा गरिएको सुधारबाट निजी क्षेत्र उत्साहित भएको सन्दर्भमा सार्वजनिक लगानीलाई प्रतिफलयुक्त क्षेत्रमा केन्द्रित गरी निजी क्षेत्रको पुँजी र प्रविधि आकर्षित गर्दै आर्थिक क्रियाकलापमा गुणात्मक वृद्धि गरिने भएको छ।

आर्थिक वृद्धिका लागि उच्च योगदान गर्ने क्षेत्रमा थप नीतिगत, कानुनी र प्रक्रियागत सुधार गर्दै निजी क्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख संवाहकको भूमिकामा स्थापित गर्ने र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ को प्रतिवेदन क्रमशः कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ।

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न र सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति भएपश्चात हुनसक्ने लगानीको न्यूनता पूरा गर्न स्रोतको विविधिकरण गर्ने, राजस्व प्रशासनलाई व्यावसायिक र राजस्व प्रणालीलाई सुदृढ बनाउने सरकारको योजना छ। सार्वजनिक ऋणलाई उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गरिने छ। अनुपयुक्त आयोजना कटौती गरी प्राथमिकताप्राप्त र नतिजामूलक आयोजना कार्यान्वयनलाई उच्च महत्व दिने तथा विकास वित्तको न्यूनता पूर्ति गर्न वैकल्पिक वित्तका नवीन र सम्भाव्य उपकरणको उपयोग गर्ने सरकारको योजना छ।

प्रतिस्पर्धी वस्तु तथा सेवाको निर्यात वृद्धि र उपभोग्य वस्तुको आन्तरिक उत्पादन प्रवर्द्धनमार्फत व्यापार सन्तुलनमा जोड दिने एवं वैदेशिक रोजगारीमा रहेका विशेषज्ञ र सीपयुक्त नेपालीलाई स्वदेशमै उद्यमशील र स्वरोजगार बन्न आकर्षित गर्ने एवं नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गरी युवा लक्षित रोजगारी सृजना गर्न उच्च प्राथमिकता दिने योजनासमेत बजेटमा समेटिएको छ।

"वर्तमान सरकार गठन भएपछि हासिल भएका सकारात्मक परिणामको जगमा थप उपलब्धि हासिल गर्न, जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन, सबै प्रकारका निराशा चिर्न र आम जनतामा आशा जगाउन सरकार दृढ सङ्कल्पित छ", अर्थमन्त्रीले भन्नुभयो।

# मदिरा र सुर्तीजन्य वस्तुको करका दरमा बढी हेरफेर

काठमाडौँ, १६ जेठ (रासस)।

सरकारले आर्थिक विधेयक २०८२ मार्फत विभिन्न वस्तुहरूको करका दरसम्बन्धी विद्यमान व्यवस्थामा हेरफेर गरेको छ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा बजेट वक्तव्य प्रस्तुत गर्नुहुँदै विभिन्न शीर्षकका राजस्वका दरसम्बन्धी व्यवस्थामा संशोधन गरिएको बताउनुभयो। बजेटको नयाँ व्यवस्थाअनुसार सूचना प्रविधिमा आधारित उद्योग र होटल तथा रिसोर्टले विशेष उद्योगसरह आयकर र विद्युत् महसुल छुट पाएका छन्। सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट दिइएको छ। नेपालमा बसेर विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा पाँच प्रतिशतमात्र आयकर लाग्ने व्यवस्था पनि सरकारले गरेको छ।

सरकारले रु १० करोडसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई पाँच वर्षसम्म आयकर नलिने भएको छ। त्यस्तै, प्राङ्गारिक र प्राकृतिक मल उत्पादनका लागि मिल मिसिनरी तथा उपकरण पैठारी गर्दा लाग्ने भन्सार महसुल हटाइएको छभने यसमा लाग्ने अन्य सबै खालका कर तथा महसुल खारेज गरिएको छ।

फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रङ्गशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा खेल सामग्रीको आयातमा एक प्रतिशतमात्र भन्सार लगाउने व्यवस्था ल्याइएको छभने ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगका लागि मिसिनरी उपकरण आयातमा सबै किसिमका कर छुट दिइएको छ। ग्रीन हाइड्रोजन उत्पादकलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था पनि बजेटमा राखिएको छ।

विद्युतीय सवारीसाधनको चार्जिङ मेसिन उत्पादन तथा एसेम्बलिङ गर्ने उद्योग स्थापनाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा एक प्रतिशत भन्सार महसुलबाहेक अरु कुनै पनि प्रकारका कर लाग्ने छैनन्। साथै, यस्ता उद्योगलाई पाँच वर्षसम्म आयकर छुट दिइएको छ। डिजिटल भुक्तानीमा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज गरिएको छ। त्यस्तै, खाद्यान्न, गेडागुडी, फलफूललगायत वनस्पतिजन्य, पशुजन्य तथा दूधजन्य पदार्थमा भन्सार विन्दुमा लाग्दै आएको अग्रिम आयकर खारेज गरिएको छ। श्रवणशक्ति कमजोर भएका व्यक्तिका लागि आवश्यक पर्ने श्रवणयन्त्रमा लाग्ने मूल्य अभिवृद्धि कर पनि खारेज गरिएको छ।

राजस्व छुट सुविधामा पैठारी गर्न पाउने बिरामी बोक्ने एम्बुलेन्समा विद्यमान रु १६ लाखको मूल्य सीमा हटाइएको छ। बीस वर्षभन्दा पुराना वा सञ्चालनमा आउन नसक्ने सार्वजनिक तथा निजी सवारीसाधनको लगत कट्टा गर्ने प्रयोजनका लागि अन्तिम दुई वर्षको आयकर बुझाएमा बाँकी आयकर छुट दिने व्यवस्था सरकारले ल्याएको छ।

मदिरा, वियर, सुर्ती र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि भएको छभने विद्यमान अन्तःशुल्क दरमा पनि वृद्धि भएको छ। स्वास्थ्य जोखिम करको दायरा विस्तार गरिएको छ।

**अन्तःशुल्कमा परिवर्तन**

घरपालुवा चराहरू (पोल्ट्री)को ताजा (फ्रेस), चिस्याइएको वा हिमीकृत (फ्रोजन) मासुमा १५ प्रतिशत अन्तःशुल्क लगाइएको छभने खुद्रा बिक्रीका लागि राखिएका कुकुर वा बिरालोको खानाको अन्तःशुल्क १० प्रतिशतबाट बढाएर २० प्रतिशत बनाइएको छ। त्यस्तै, अम्रिसोमा १० प्रतिशत अन्तःशुल्क लगाइएको छ।

सुर्तीजन्य पदार्थको अन्तःशुल्क बढाइएको छ। फिल्टर नभएको चुरोट तथा सिगारको अन्तःशुल्क प्रतिएम रु सात सय ५५ रहेकामा त्यसलाई बढाएर रु सात सय ७८ बनाइएको छ। फिल्टर भएको ७० मिलीमिटरसम्म लम्बाइको चुरोटको प्रतिएम अन्तःशुल्क रु एक हजार ७४० रहेकामा त्यसलाई बढाएर रु एक हजार ७९२ बनाइएको छ। त्यस्तै, ७० भन्दा बढी र ७५ मिलीमिटरभन्दा कम लम्बाइको चुरोटको प्रतिएम रु दुई हजार ३७० बाट रु दुई हजार ४४१ पुर्‍याइएको छ।

काठको धुलो, सिमेन्ट र विभिन्न बाइन्डिङ केमिकल्स मिश्रण गरी बनेका विभिन्न मोटाइका बोर्डहरूको अन्तःशुल्क पाँच प्रतिशतबाट बढाएर १० प्रतिशत बनाइएको छ। त्यस्तै, निर्माण वा सिभिल इन्जिनियरिङका लागि पूर्वनिर्मित संरचनात्मक अवयवहरूको पनि अन्तःशुल्क पाँच प्रतिशतबाट १० प्रतिशत बनाइएको छ। कर्कतपाता, ब्रेक लाइलिङ प्याडहरूको अन्तःशुल्क पाँच प्रतिशतबाट १० प्रतिशत बनाइएको छ।

**भन्सार दरमा परिवर्तन**

सुकाएको अङ्गुर (किसमिस) सार्क मुलुकका लागि सात दशमलव २५ प्रतिशत र अन्य मुलुकबाट आयात गर्दा १५ प्रतिशत भन्सार लाग्ने गरेकामा त्यसलाई घटाएर सार्क मुलुकका लागि छ प्रतिशत र अन्य मुलुकका लागि १० प्रतिशत कायम गरिएको छ।

चुकुन्दरको चिनी सार्क मुलुकबाट छ प्रतिशत र अन्य मुलुकका ल्याउँदा ३० प्रतिशत भन्सार लाग्ने गरेकामा सार्क मुलुकका लागि लाग्ने भन्सार यथावत राखिएको छभने अन्य मुलुकका लागि भन्सार घटाएर १५ प्रतिशत लाग्ने व्यवस्था कायम गरिएको छ। त्यस्तै, सक्खर गुँड, भेली, गुँडगट्टा, खाँडसारी चिनी, उखुको अन्य चिनी, मिश्रीको भन्सार ३० प्रतिशत लाग्ने गरेकामा त्यसलाई घटाएर १५ प्रतिशत बनाइएको छ। 'फ्रुटपल्स'को भन्सार बढाएर १० प्रतिशतबाट १५ प्रतिशत बनाइएको छ। त्यस्तै, सुप, ब्रोथ र सोका लागि चाहिने वस्तुको भन्सार महसुल २० प्रतिशत रहेकामा त्यसलाई बढाएर ३० प्रतिशत बनाइएको छ।

सुर्तीरहित सुगन्धित सुपारीको प्रतिकिलो रु १०० भन्सार लाग्ने गरेकामा त्यसलाई परिमार्जन गरी ४० प्रतिशत भन्सार लाग्ने व्यवस्था ल्याइएको छ। त्यस्तै, इनर्जी ड्रिङ्समा प्रतिलिटर रु १०० का दरले भन्सार लाग्दै आएकामा अब ४० प्रतिशत लाग्ने व्यवस्था गरिएको छ। हल्का पेय पदार्थ, बास्नायुक्त दूधका पेय पदार्थको भन्सार पनि ४० प्रतिशत कायम गरिएको छ।

पेय पदार्थ र अल्कोहलजन्य वस्तुमा यसअघि प्रतिलिटर बराबर निश्चित रकम भन्सार दर तोकिएकामा त्यसलाई संशोधन गरिएको छ। जौँबाट बनेको बियर आयातमा प्रतिलिटर रु २०० का दरले भन्सार लाग्ने गरेकामा त्यसलाई संशोधन गरी ८० प्रतिशत भन्सार लाग्ने व्यवस्था ल्याइएको छ।

ताजा अङ्गुरको वाइन र अल्कोहल हाली सुरक्षित गरिएको 'फोर्टिफाइड वाइन', 'स्पार्किङ वाइन'को भन्सार प्रतिलिटर रु ३०० रहेकामा अब ८० प्रतिशत लाग्ने व्यवस्था आर्थिक विधेयकमा राखिएको छ। छ्याङ (कन्ट्री वियर), सेम्पेन, सेरी, मिड, पेरी, साइडरको भन्सार ४० बाट बढाएर ८० प्रतिशत बनाइएको छ। त्यस्तै, ८० प्रतिशत घनत्व अल्कोहल शक्ति वा सोभन्दा माथि अल्कोहल भएको 'अन्डिनेचर्ड इथाइल अल्कोहल' र जुनसुकै अल्कोहल भएको 'डिनेचर्ड इथाइल अल्कोहल' तथा अन्य स्प्रिटको भन्सार प्रतिलिटर रु ६० लाग्ने गरेकामा त्यसलाई अब ३० प्रतिशत भन्सार लाग्ने व्यवस्था गरिएको छ। यसअघि ब्राण्डीको आयातमा प्रतिलिटर रु एक हजार ५०० सय भन्सार दर रहेकामा अब ८० प्रतिशत कायम गरिएको छ। त्यस्तै अरु विभिन्न खालका अल्कोहलजन्य पदार्थमा १०० प्रतिशत भन्सार लाग्ने गरी आर्थिक विधेयक ल्याइएको छ।

सिगार र चुरोटको प्रति एक हजार खिल्लीको भन्सार रु रु नौ हजार रहेकामा त्यसलाई बढाएर रु ११ हजार पुर्‍याइएको छ। तयारी बिँडी, फिल्टर भएको विभिन्न लम्बाइको चुरोट र सिगारमा प्रतिहजार खिल्ली रु चार हजार ५०० भन्सार लाग्दै आएकामा त्यसलाई बढाएर प्रतिहजार खिल्ली रु पाँच हजार ५०० बनाइएको छ। चुरोट तथा बिँडीका लागि प्रशोधित सुर्तीको भन्सार ३० प्रतिशतबाट बढाएर ६० प्रतिशत पुर्‍याइएको छ।

इकोजिन वा अन्य चुन मिश्रित स्मारक वा भवन बनाउने ढुङ्गा र एलावास्टर (स्फटिक ढुङ्गा)को ३० रहेको भन्सार दरलाई घटाएर २० प्रतिशत कायम गरिएको छ। त्यसैगरी, कपडाबाट बनेको भित्ता ढाक्ने वालपेपर (वाल कभरिङ) विभिन्न बुट्टा कुँदिएको भित्तामा टाँस्ने कागज वा प्लास्टिक वालपेपरमा सार्क मुलुकबाहेक अन्यबाट आयात गर्दा यसअघि १५ प्रतिशत भन्सार लाग्दै आएकामा बढाएर २० प्रतिशत बनाइएको छ।

ट्रिमिङ भएको टोपीको भन्सार १५ प्रतिशतबाट २० प्रतिशत बनाइएको छ। काठको धुलो, सिमेन्ट र विभिन्न वाइन्डिङ केमिकल्स मिश्रण गरी बनेको सङ्घार, फ्याक, झिङ्गटी तथा बोर्डहरू सार्कबाहेक मुलुकबाट आयात गर्दा २० प्रतिशत लाग्ने गरेकामा घटाएर १५ प्रतिशत बनाइएको छ।

सिमेन्ट कङ्क्रिट वा कृत्रिम ढुङ्गाका सामान आयात गर्दा सार्क मुलुकका लागि सात दशमलव २५ बाट घटाएर छ प्रतिशत र सार्कबाहेकका मुलुकका लागि १५ प्रतिशतबाट घटाएर १० प्रतिशत बनाइएको छ। विभिन्न निर्माण उपकरण जस्तै, खामो गाड्ने (पाइल ड्राइभर) खामो उखेल्ने (पाइल एक्सट्रयाक्टर) छिद्रण गर्ने (बोरिङ) लगायतका उपकरणमा पाँच प्रतिशत भन्सार लाग्दै आएकामा एक प्रतिशतमा झारिएको छ।

**छुट तथा सहुलियत**

अन्तःशुल्कको जरिवाना र विलम्ब शुल्क मिनाहासम्बन्धी विशेष व्यवस्था ल्याइएको छ। २०८१ चैत मसान्तसम्म बुझाउनुपर्ने अन्तःशुल्क र विलम्ब शुल्कको ५० प्रतिशत हुने रकम आगामी पुस मसान्तसम्म बुझाएमा जरिवाना र बाँकी विलम्ब शुल्क मिनाहा गर्ने आर्थिक विधेयकमा उल्लेख छ।

त्यस्तै, दर्ता हुन बाँकी रहेका अन्तरराष्ट्रिय हवाई यातायात सेवा प्रदायक तथा हवाई टिकट बिक्री गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता भई विसं २०८० कात्तिक १ गतेदेखिको मूअकर आगामी असोज मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने ब्याज, जरिवाना र थप दस्तुर मिनाहा गर्ने नीति सरकारले लिएको छ।

आय विवरण पेस नगरेका करदातालाई पनि छुटको व्यवस्था आर्थिक विधेयकमार्फत ल्याइएको छ। यसअघिका कुनै पनि आर्थिक वर्षको आय विवरण नबुझाएको भए त्यस्तो विवरण पेस गरी आगामी पुस मसान्तसम्म आयकर बुझाउन सकिने छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# गणतन्त्र स्थापनाका १७ वर्ष: सुशासन, विकास र समृद्धिको अपेक्षा

**शीतलप्रसाद महतो**

काठमाडौँ, १६ जेठ (रासस)।

विश्वभरि नै गणतन्त्रलाई उच्चतम् लोकतान्त्रिक शासकीय व्यवस्थाका रूपमा मान्दै आएको छ। समुन्नत, समृद्ध र सुशासनयुक्त मुलुक बनाउने महान् लक्ष्य र अभिभारा पूरा गर्ने अठोटसाथ नेपालमा गणतन्त्र भित्रिएको हो। वास्तवमा यो एउटा व्यवस्था मात्रै नभई नागरिक चेतनाको द्योतक पनि हो र। अढाई सय वर्ष लामो तत्कालीन शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्थालाई अन्त्य गर्न नागरिकले विभिन्न माध्यमबाट गरेको सङ्घर्षको सफलतास्वरूप २०६५ जेठ १५ को संविधानसभा बैठकले गणतन्त्र नेपालको घोषणा गरेको थियो र। यस अर्थमा नेपालीले आफूलाई चेतनशील नागरिकका रूपमा अभिलिखित गरेको १७ वर्ष पूरा भएको छ र। नेपाली जनतालाई स्वतन्त्रता, उदार सामाजिक न्यायसहितको समावेशी समानुपातिक लोकतान्त्रिक गणतन्त्रसहित नागरिक सर्वोच्चता प्राप्त भएको त्यो दिनलाई नेपाली जनताले गणतन्त्र दिवसका रूपमा मनाउँदै आएको छ। यो वंशीयतन्त्रलाई जनताले जितेको उत्सव पनि हो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रले समुन्नत भविष्यका लागि एकताबद्ध भएर अगाडि जान जनतालाई सम्पूर्ण राजनीतिक अधिकारको सुनिश्चित गरेको छ। नागरिकका समस्या शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, सामाजिक सुरक्षाको प्रत्याभूतिसहित गरिबीको अन्त्यसँगै विश्व मञ्चमा नेपाल र नेपालीको प्रतिष्ठालाई उँचो बनाउनुपर्ने लोकतान्त्रिक गणतन्त्रको प्रथम कार्यभार रहेको छ। जनअपेक्षा र जनभावनाअनुरुप चल्नु नै गणतान्त्रिक संविधानको मूल भावना भएकाले आमनागरिकको अधिकारप्रति अटुट आस्था राख्दै गणतान्त्रिक व्यवस्थालाई लोकतन्त्रको पोषकका रूपमा स्थापित गर्न पनि उत्तिकै आवश्यक छ। लोकतान्त्रिक गणतन्त्र राजनीतिक व्यवस्था मात्र नभई शासकीय पद्दति र जीवनशैली भएकाले उदारवादी आदर्शको उपजका रूपमा हेरिने गरिएको छ। यसरी राजनीतिक अधिकार प्राप्तिपछि अब मुलुकले सुशासन, विकास र अर्थतन्त्रमा सुधार खोजिरहेको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारस्तम्भका रूपमा नेपालमा सङ्घीयता, धर्मनिरपेक्षता तथा समानुपातिक समावेशी शासन प्रणालीको पनि अभ्यास गरिएको छ र। यो व्यवस्था जति छिटो नागरिकसँग जोडिन्छ, सैद्धान्तिक उपलब्धि जति बृहत् र व्यावहारिक उपलब्धिमा परिणत हुनेछ, गणतन्त्र उति नै बढी बलियो, सशक्त र संस्थागत मात्र होइन, आर्थिक रुपले सबल र समृद्ध राष्ट्रका रूपमा रुपान्तरण हुन्छ। वास्तवमा कुनै पनि मुलुकको समृद्धि एक बहुआयामिक विकासको परिणाम हो। समृद्धि भनेको आर्थिक रूपले सम्पन्न हुनु र सामाजिक रूपले सुखमय जीवन हासिल गर्नु नै हो। अर्थात् समृद्ध मुलुकमा भएको विकासले नागरिकको सभ्य, स्वस्थ र धनधान्य गुणस्तरीय खुसी जीवन र सन्तुष्टि प्राप्त गर्नु हो।

राजनीतिक स्वतन्त्रता र निर्भयतापूर्ण अभ्यासको सुनिश्चित, आधारभूत आवश्यकताको परिपूर्ति र आर्थिक स्वतन्त्रता, शासन प्रक्रियामा नागरिक सहभागिता, सर्वाङ्गीण विकास, वातावरणीय दिगोपना र सुशासन समृद्धिका आधारभूत पक्ष हुन्। त्यसैले समृद्धि हासिल गर्नु भनेको वर्तमान पुस्ताका साथै भावी पुस्ताको जीवन पनि सुखमय बनाउनु हो। नेपालको संविधानले दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने उद्देश्य राखेको छ भने सोका लागि १६औँ पञ्चवर्षीय योजनाले समृद्धि र खुसी प्राप्त गर्ने लक्ष्य लिएको छ। तर समृद्धि सजिलै प्राप्त हुने विषय होइन, यसका लागि वर्षौं प्रयत्न गर्नुपर्ने पनि हुनसक्छ। सरकारको प्रतिबद्धता, सक्रियता, उत्तरदायित्व र धैर्य, कर्मचारीतन्त्रको इमानदार कर्मशीलता तथा नागरिकको सहभागिता नभएसम्म समृद्धि हासिल हुन सक्दैन।

यसका साथै समृद्धिका लागि आमनागरिकको मौलिक हकअधिकारको उपयोग गर्ने कार्यलाई सुरक्षित वा प्रवर्द्धन गर्नुपर्छ र यो सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा मात्र सम्भव हुन्छ। नागरिकका लागि नागरिकको सहभागितामा नागरिकले गरेको विकास नै लोकतान्त्रिक विकास हो। नागरिकको सार्वभौम अधिकार प्रयोग गरी निर्माण गरेको सरकार नागरिकको हितभन्दा बाहिर गएर काम गर्न सक्दैन। नागरिकले विकासको माग गर्ने र सरकार नागरिकका माग पूरा गर्न समर्पित हुने उत्तरदायी प्रणाली सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा मात्र सम्भव हुन्छ।

शासन प्रणाली, विकास र सार्वजनिक सेवा प्रवाहमा उत्तरदायित्व, पारदर्शिता, सहभागिता, नीतिगत स्थायित्व तथा विधिको शासनको खोजी गर्न नागरिक सक्षम हुनु सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको योगदान हो। उदारवाद शासन प्रणालीमा सरकारले निजी क्षेत्रलाई काम गर्ने स्पष्ट खाका दिएको हुन्छ। विकासको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीले आम नागरिकलाई केन्द्रमा राखेर सरकार, निजी क्षेत्र तथा नागरिक समाज विकासका लागि हातेमालो गर्दछन्। राजनीतिक र आर्थिक अधिकार प्रयोग गर्नसक्ने गरी नागरिकको सशक्तीकरण गरिएको हुन्छ। नागरिक विकास प्रक्रिया र परिणाममा सहभागी बन्न र सम्पूर्ण उपलब्धिको आलोचना गर्न स्वतन्त्र हुन्छन्। यसकारण समग्रमा सहभागितामूलक विकास दिगो र लोकतान्त्रिक हुन्छ। लोकतान्त्रिक विकास सुशासन र समृद्धिको पक्षधर पनि हो।

राजनीतिक दृष्टिमा कोही जन्मिँदै विशिष्ट हुने, कसैले नागरिकको दर्जासमेत नपाउने अवस्था यो व्यवस्थामा हुँदैनर। समान राजनीतिक धरातलमा जनविश्वास आर्जन गर्ने व्यक्ति वा पार्टीले जनताको नेतृत्व गर्छन् र आफ्ना निर्णय तथा गतिविधिका निम्ति आम निगरानीमा बस्छन्र। त्यसैले गणतन्त्र नागरिकबीचको एकता र एकताबाट निर्धारित सामूहिक लक्ष्यतर्फको यात्रा होर। मुलुकमा गणतन्त्र घोषणापछि नागरिकको शिक्षा र स्वास्थ्यमा पहुँच बढेको छर। प्रतिव्यक्ति आय र क्रयशक्ति बढेको छर। यसले गर्दा मानिसका आकाङ्क्षा पूरा हुने सम्भावना बढेको छर। राज्यको निकायमा उल्लेखनीय सङ्ख्यामा रोजगारी सिर्जना हुन नसकेको भए पनि निजी क्षेत्रका कारण रोजगारीको क्षेत्र र सङ्ख्यामा बढोत्तरी भएको छर। व्यक्ति स्वयंले आफ्नो क्षमताअनुसार नयाँ व्यवसाय सुरु गर्ने वातावरण तयार भएको छर। अन्तरराष्ट्रिय समुदायसँगको सम्पर्क र अनुभव आदानप्रदान बढेको छर। बाटोघाटोको पहुँच बढेको छर। गणतन्त्र अगाडि सीमित सहरी वर्गको पहुँचमा रहेको सूचना प्रविधिमा त अहिले क्रान्ति नै आएको छर। आज गाउँघरमा मानिससमेत सूचना प्रविधिका माध्यमबाट संसारसँग जोडिएका छन्र।

यसैगरी अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित छर। शासकप्रति नागरिकको निगरानी बढेको छर। यी सबै सूचकले गणतन्त्रको अपरिहार्यता देखाएको छ। यसलाई अझ बढी जनकेन्द्रित बनाउनुपर्ने आवश्यकता छ। गणतन्त्रको सैद्धान्तिक मर्मअनुसारकै शासकीय अभ्यासका लागि भने गणतन्त्रको परिपक्वता अनिवार्य छर। अभ्यासका क्रममा देखिएका विकृति र बेथितिलाई नष्ट गर्दै अघि बढ्न आवश्यक छर। १७ वर्षको अनुभवमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सशक्त, प्रभावकारी र जनकेन्द्रित बनाउनका लागि अवरोध सिर्जना गर्ने समस्याको पहिचान नागरिकले गरेकै छन्र।

गणतन्त्रले सार्वजनिक सेवा प्रवाहमा आज जति धेरै योगदान गर्न सक्थ्यो, त्यति नहुनुमा दल र नेता नै जिम्मेवार छन्र। अपरिपक्व राजनीति तथा सार्वजनिक प्रशासनले सुशासनको अनुभूति दिन नसक्दा हाम्रो विकास लक्ष्यलाई परिणाममा रूपान्तरण गर्न नसक्दा सङ्घीय लोकतान्त्रिक शासन प्रणालीले ठूलो मूल्य चुकाउनु परिरहेको छ। यसले गर्दा नागरिकमा गणतन्त्रको नयाँपन अनुभूत हुनै पाएनर। गणतन्त्रमा पनि राजनीतिक दल र नेतृत्वमा जवाफदेहिताको अभाव रह्योर। नागरिकले आलोचना गरेका कैयौँ निर्णयहरू उनीहरूले आफ्नो शक्ति र बलमिच्याइँका आधारमा गरेका छन्र। नेतृत्वको जीवनशैली अपारदर्शी छर। आर्थिक पछौटेपनमा बाँच्नुपर्ने र भ्रष्टाचार, अनैतिकता र असुरक्षा टुलुटुलु हेरेर बस्नुपर्ने स्थिति देखिएको छ। असल सरकार र असल व्यवहारको योगफललाई सुशासन भनिन्छ। संयन्त्र बलियो र व्यवहार राम्रो भयो भने मात्र सुशासन, विकास र समृद्धिको ढोका खुल्छ।

राज्यको शासन प्रणालीमात्र परिवर्तन गरेर सुशासन, विकास र समृद्धि हासिल हुँदैन। सरकार नेतृत्व गर्ने राजनीतिक दल र नेतृत्वको व्यवहार पनि सुशासन, विकास र समृद्धि अनुकूल हुनुपर्दछ। सरकारले देशको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाको मूल्याङ्कन गरेर सुशासनका सिद्धान्त अवलम्बन गर्दै गएको खण्डमा सुशासन, विकास र समृद्धिले गति लिने स्पष्ट देखिन्छ। सुशासन, विकास र समृद्धिका लागि राजनीतिक र प्रशासनिक नेतृत्वलगायत नागरिक समाज र आमनगरिकको दृष्टिकोणमा नै परिवर्तन हुनुपर्दछ। त्यसैले विकास र समृद्धिका लागि असल सरकार, राष्ट्रिय सङ्गठनहरूको प्रतिस्पर्धात्मक क्षमताको विकास, सामाजिक पुँजी (मानव संसाधनको ज्ञान, सीप र क्षमताको विकास) निर्माण, सानो तर सक्षम सरकार, सुधारोन्मुख प्रशासन र लोकतान्त्रिक शासनको सुअभ्यास, सुव्यवहार जस्ता रणनीति अवलम्बन गरेमा मात्र मुलुकमा सुशासन, विकास र समृद्धि भित्रियाउन सकिन्छ।

सुशासन, विकास र समृद्धिका लागि सक्षम सरकारको आवश्यकता पर्दछ। सक्षम सरकारको लागि शासन प्रणालीमा व्यापक सुधार गर्नुपर्ने हुन्छ। त्यसका लागि लोकतान्त्रिक वातावरणमा जनताको जीवनस्तर उकास्न उत्पादन वृद्धि, अवसरको न्यायोचित वितरण, रोजगारी प्रवर्द्धन एवं सुशासन कायम गर्नुपर्ने दायित्व राज्य सञ्चालनका तीनवटै तहका सरकारको जिम्मेवारी छ। यसका लागि नीतिगत तथा कानूनी रूपमा राम्रो वातावरण बनाउनुपर्छ। निजी क्षेत्रले जनताको हित हुनेगरी लगानीको अवसर उपयोग गर्नुपर्छ। नागरिक समाजले शासन प्रक्रियामा आम नागरिकको रचनात्मक सहभागितालाई परिचालन गर्न सक्नुपर्छ।

आजको पुस्तालाई बलियो अर्थतन्त्रसहितको समृद्धि सुनिश्चित गर्दै आउने पुस्तालाई सबल, एकताबद्ध, मौलिक चरित्रसहितको उदार राज्य र उच्चतम लोकतान्त्रिक संस्कृति दिने सङ्कल्प सरकार, राजनीतिक दल, त्यसका नेतृत्व, निजी क्षेत्र र नागरिक समाजलगायत सबैले गर्नुपर्दछ। समाजका सबै तह र तप्कामा गणतान्त्रिक जीवनशैली विकास भई नागरिक तहमा गणतन्त्र संस्थागत गर्ने जागरण पैदा गराउनुपर्ने आजको आवश्यकता छ। लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले विकास, सुशासन, समृद्धि र राष्ट्रिय स्वाभिमानलाई केन्द्रविन्दुमा राखेर हरेक नेपाली नागरिकलाई राष्ट्र निर्माणमा समेट्न सक्नुपर्ने अर्जुनदृष्टि सबै राजनीतिक दल र प्रशासनिक नेतृत्वमा हुनुपर्दछ।

## विश्व समाचार

### आधा विश्वले जलवायु परिवर्तनका कारण अतिरिक्त गर्मीको सामना गर्‍यो : अध्ययन

वासिङ्टन, १६ जेठ (रासस/एएफपी)।

मानव निर्मित जलवायु परिवर्तनका कारण गत वर्ष विश्वको आधा जनसङ्ख्याले अतिरिक्त एक महिना अत्यधिक गर्मीको सामना गरेको शुक्रबार एउटा नयाँ अध्ययनले देखाएको छ। यो निष्कर्षले जीवाश्म इन्धनको निरन्तर दहनले विशेष गरी विकासोन्मुख देशहरूमा कम मान्यता प्राप्त प्रभावहरूका साथ हरेक महादेशमा स्वास्थ्य र कल्याणलाई कसरी हानि पुर्‍याइरहेको छ भन्ने कुरालाई जोड दिएको अध्ययनका लेखकहरूले बताएका छन्। "प्रत्येक ब्यारेल तेल जलाउँदा, प्रत्येक टन कार्बन डाइअक्साइड निस्कन्छ र तापक्रमको प्रत्येक अंश, तातो लहरहरूले धेरै मानिसलाई असर गर्नेछ", इम्पेरियल कलेज लन्डनका जलवायु वैज्ञानिक र प्रतिवेदनका सह-लेखक फ्रेडेरिक ओटोले भन्नुभयो।

विश्व मौसम एट्रिब्युसन, क्लाइमेट सेन्ट्रल र रेडक्रस रेड क्रिसेन्ट क्लाइमेट सेन्टरका वैज्ञानिकहरूले गरेको यो विश्लेषण जुन २ मा ग्लोबल हिट एक्सन डे अघि जारी गरिएको थियो। विश्लेषणले यस वर्ष गर्मीको थकान र तातो स्ट्रोकको खतरालाई उजागर गर्दछ। ग्लोबल वार्मिङको प्रभावको मूल्याङ्कन गर्न शोधकर्ताहरूले सन् २०२४ मे १ देखि सन् २०२५ मे १ सम्मको अवधिको विश्लेषण गरेका थिए। उनीहरूले 'चरम तातो दिनहरू' लाई सन् १९९१ देखि सन् २०२० सम्म दिइएको स्थानमा रेकर्ड गरिएका तापक्रमको ९० प्रतिशतभन्दा तातो दिनहरूका रूपमा परिभाषित गरे।

सहकर्मी-समीक्षित मोडलिङ दृष्टिकोण प्रयोग गरेर उनीहरूले त्यस्ता दिनहरूको सङ्ख्यालाई मानव कारणले हुने तापक्रम वृद्धि बिनाको सिमुलेटेड संसारसँग तुलना गरे। परिणामहरू स्पष्ट थिए: विश्वव्यापी जनसङ्ख्याको ४९ प्रतिशत अर्थात करिब चार अर्ब मानिसले अन्यथा भन्दा कम्तीमा ३० दिन बढी चरम गर्मीको अनुभव गरे। टोलीले यस वर्षको अवधिमा ६७ वटा चरम गर्मीका घटनाहरू पहिचान गर्‍यो र ती सबैमा जलवायु परिवर्तनको छाप फेला पार्‍यो। क्यारेबियन टापु आरुबा सबैभन्दा बढी प्रभावित भएको थियो। त्यहाँ एक सय ८७ चरम गर्मी दिन रेकर्ड गरियो। यो जलवायु परिवर्तन बिना संसारमा अपेक्षाभन्दा ४५ दिनभन्दा बढी हो। यो अध्ययन अभूतपूर्व विश्वव्यापी तापक्रमको वर्ष पछि आएको छ। सन् २०२३ लाई उछिनेर सन् २०२४ रेकर्डमा सबैभन्दा तातो वर्ष थियो भने सन् सन् २०२५ को जनवरी अहिलेसम्मको सबैभन्दा तातो जनवरी थियो।

पाँच वर्षको औसतमा विश्वव्यापी तापक्रम अब पूर्व-औद्योगिक स्तरभन्दा १.३ डिग्री सेल्सियस बढी छ -- र सन् २०२४ मा मात्रै तिनीहरूले पेरिस जलवायु सम्झौताद्वारा तोकिएको प्रतीकात्मक सीमा १.५ डिग्री सेल्सियस नाघे। प्रतिवेदनले कम आय भएका क्षेत्रहरूमा गर्मीसँग सम्बन्धित स्वास्थ्य प्रभावहरूमा डेटाको गम्भीर अभावलाई पनि प्रकाश पार्छ। युरोपले सन् २०२२ को गर्मीमा ६१ हजारभन्दा बढी तातोसँग सम्बन्धित मृत्यु रेकर्ड गर्दा अन्यत्र तुलनीय तथ्याङ्कहरू विरलै छन्। धेरै तातोसँग सम्बन्धित मृत्युहरूलाई हृदय वा फोक्सोको रोग जस्ता अन्तर्निहित अवस्थाहरूमा गलत रूपमा श्रेय दिइन्छ।

लेखकहरूले प्रारम्भिक चेतावनी प्रणाली, सार्वजनिक शिक्षा र सहरहरू अनुरूप तातो कार्य योजनाहरूको आवश्यकतामा जोड दिए। छाया र भेन्टिलेसन सहित राम्रो भवन डिजाइन र चरम गर्मीको समयमा कडा गतिविधिबाट बच्ने जस्ता व्यावहारिक समायोजनहरू पनि आवश्यक छन्। तैपनि अनुकूलन मात्र पर्याप्त हुनेछैन। बढ्दो गम्भीरता र चरम गर्मीको आवृत्ति रोक्ने एक मात्र तरिका भनेको जीवाश्म इन्धनहरू द्रुत रूपमा चरणबद्ध रूपमा हटाउनु रहेको लेखकहरूले चेतावनी दिए।

### युक्रेन र रूस सम्भावित वार्ताअघि युद्धविराम चाहन्छन् : टर्की

किएभ, १६ जेठ (रासस/एएफपी)।

अर्को हप्ता इस्तानबुलमा रुस र युक्रेन बीचको सम्भावित दोस्रो चरणको प्रत्यक्ष वार्ताअघि किएभको भ्रमण गर्नुभएका टर्कीका विदेशमन्त्रीले शुक्रबार दुवै पक्षले युद्धविराम चाहेको बताउनुभएको छ। किएभ र मस्को दुवैसँग सम्बन्ध कायम राख्न प्रयास गरेको नाटो सदस्य टर्की तीन वर्षभन्दा बढी समयदेखि चलिरहेको युद्ध अन्त्य गर्न सम्झौताका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाबमा मुख्य मध्यस्थकर्ता बनेको छ। रुसले सोमबार आयोजना गर्ने प्रस्ताव गरेको वार्तामा प्रतिनिधिमण्डल पठाउने कि नपठाउने भन्नेबारे किएभले अझै पुष्टि गर्न सकेको छैन।

सबैभन्दा पहिला रुसले शान्तिका लागि रोडम्यापको आफ्नो दृष्टिकोण साझा गरोस् भन्ने युक्रेनले चाहेको छ। एउटा तथाकथित 'ज्ञापनपत्र' जुन मस्कोले अर्को वार्तामा युक्रेनी प्रतिनिधिमण्डललाई व्यक्तिगत रूपमा मात्र हस्तान्तरण गर्ने बताएको छ।

"वार्ता सुरु हुँदै जाँदा यो मुद्दाले अझ आशावादी मोड लिन थालेको मैले देखेको छु। दुवै पक्ष युद्धविराम चाहन्छन्। कसैले पनि युद्धविराम नचाहेको भनेको छैन", समाचार एजेन्सी अनादोलुका अनुसार विदेशमन्त्री हाकान फिदानले उहाँलाई किएभ लिएर गइरहेको ट्रेनमा भन्नुभयो।

फिदानले यस साताको सुरुमा मस्कोमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग वार्ता गर्नुभएको थियो। शुक्रबार किएभ आइपुगेपछि उहाँले युक्रेनी विदेशमन्त्री एन्ड्री सिबिगासँग भेट गर्नुभयो र मारिएका सैनिकहरूको स्मारक स्थलको भ्रमण गर्नुभयो। उहाँले भोलिपल्ट युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीलाई भेट्ने अपेक्षा गरिएको थियो। युक्रेनले दुई महिनाभन्दा बढी समयदेखि रुसलाई पूर्ण, बिना शर्त र तत्काल ३० दिनको युद्धविराममा सहमत हुन आह्वान गर्दै आएको छ। यो विचार पहिलो पटक ट्रम्पले प्रस्ताव गर्नुभएको थियो।

वासिङ्टन र युरोपको दबाबका बावजुद पुटिनले ती आह्वानलाई बारम्बार अस्वीकार गर्नुभएको छ भने रूसी सेनाले पूर्वी युक्रेनमा आफ्ना आक्रमणहरू तीव्र पारेको छ। उहाँले वार्ताको परिणाम स्वरूप युद्धविराम सम्भव भएको तर त्यो वार्ताले युद्धको 'मूल कारण' मा ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभएको छ। मस्कोले सामान्यतया युक्रेनको सेनालाई सीमित गर्ने, उसलाई नाटोमा सामेल हुन प्रतिबन्ध लगाउने, विशाल क्षेत्रीय छुटहरू र जेलेन्स्कीलाई अपदस्थ गर्ने जस्ता व्यापक मागहरूको मिश्रणलाई जनाउन त्यो भाषा प्रयोग गर्दछ।

# असहाय, गरिब, बिपन्नहरूको लागि निशुल्क कानुनी सहायता गर्दै आएको छ : मुख्य न्यायाधिवक्ता महतो

**दैनिक समाचारदाता**
**राजविराज, १६ जेठ ।**

मधेश प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता सुरेन्द्र महतोले असहाय, गरिब, बिपन्नहरूको लागि निशुल्क कानुनी सहायता गर्दै आएको बताएका छन् ।

मधेश प्रदेश सरकारको कानुन निर्माण तथा सरकारलाई सुझाव सल्लाह लगायत सरकारमाथि लाग्ने मुद्दा सवालमा सरकारको तर्फबाट काम गर्ने गरेको जानकारी दिए ।

उनले ८ वटै जिल्लामा निशुल्क कानुनी उपचारको लागी प्रदेश कानुनी सहायता अधिकृत कार्यालय स्थापना गरेर सेवा दिईरहेको बताए ।

न्यायाधिवक्ता महतोले मेलमिलाप माध्यमवाट समुदायमा एकता कायम राख्न समुदायमा सबै मिलेर एकजुट बनाउने काम महादेवा गाउपालिका न्यायक समितिले गरेको बताएको छ ।



उनले भने संघियाताले स्थानिय सरकार बलियो भनेको भन्दै स्थानिय पालिकाहरूले आफनो कानुन आफै बनाउने अधिकार रहेको उल्लेख गरे ।

कार्यक्रममा महादेवा गाउपालिका उपाध्यक्ष अर्चना यादवले न्यायिक समिति जिम्मेवारीको बाटोमा हिँडिकाले यसले जनतामा आशा र उत्साह बढाइरहेको धारणा राखिन ।

उपाध्यक्ष यादवले न्यायिक समिति र जिल्ला अदालत र कानुनी सहायता अधिकृतको कार्यालय बीच निरन्तर समन्वय हुनुपर्नेमा जोड दिईन ।

संवाद कार्यक्रममा समाजसेवी हजरत अलीले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत र अस्पतालमा निमुखा जनताले सहज सेवा नपाएको गुनासो गरे ।

उक्त अबसरमा महादेवा गाउपालिका प्रमुख प्रशासकिय अधिकृत राजकिसोर साह, महादेवा वडा १ वडा अध्यक्ष जसोधर दास, वडा २ का अध्यक्ष जागेश्वर ईसर, वडा ३ का अध्यक्ष राम कुमार यादव, कानुनी सल्लाहाकार केशव दास, युवा नेता सुरेन्द्र यादव लगायतले न्यायिक समितिले दिने सेवा समुदायस्तरमा बिस्तार गर्नुपर्नेमा जोड दिए ।

# पन्ध्र दिनअघि नै भित्रियो मनसुन

काठमाडौँ, १६ जेठ (रासस) ।

नेपालमा सरदर मितिभन्दा १५ दिन छिटो मनसुन प्रवेश गरेको छ । जल तथा मौसम विज्ञान विभागले शुक्रबार विज्ञप्ति जारी गरी यस वर्षको मनसुन बिहीबार रातिबाट नेपालको पूर्वबाट प्रवेश गरी कोशी प्रदेशका अधिकांश भू-भागमा विस्तार भएको जनाएको छ ।

मनसुनका कारण कोशी प्रदेशका अधिकांश मौसम केन्द्रमा हल्कादेखि मध्यम मनसुनी वर्षा भएको विभागले जनाएको छ । विभागमा महानिर्देशक कमलराम जोशीले नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ रहे पनि मे २९ मा नै नेपालमा मनसुन भित्रिएको जनाकारी दिनुभयो ।

“नेपालका अन्य भू-आगहरूमा मनसुनको प्रभाव विस्तार हुन अझै केही समयमा लाग्ने देखिन्छ । हाल देशको बाँकी भू-आगमा भने पश्चिमी वायू र स्थानीय वायुको प्रभाव यथावत् देखिन्छ,” उहाँले भन्नुभयो ।

मौसम पूर्वानुमान महाशाखाले मौसमको अवस्थाको निरन्तर अनुगमन गरिरहेको छ र सोहीअनुसार नियमित रूपमा मौसम सूचना अद्यावधिक गर्दै जाने जोशीले जानकारी दिनुभयो ।

विभागले आगामी मनसुनमा सरदरभन्दा बढी वर्षा हुने प्रक्षेपण गरेको छ । विभागले शुक्रबार सर्वाजनिक गरेको आगामी मनसुनको हावा पानी आकलन अनुसार यही जेठ १८ देखि असोज १४ सम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जानकारी दिएको छ ।

“यस ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना छ । कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनी प्रदेशको उत्तरी भू-भाग र गण्डकी प्रदेशको अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ प्रतिशतदेखि ६५ प्रतिशत छ”, उहाँले भन्नुभयो, “सुदूरपश्चिम प्रदेशको दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भू-भाग, बागमती र कोशी प्रदेशको उत्तरी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ प्रतिशतदेखि ५५ प्रतिशत छ ।”

त्यसैगरी मधेस प्रदेशका पूर्वी तथा दक्षिणी भू-भागमा सरदर वर्षा हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत छ भने देशका बाँकी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ प्रतिशतदेखि ४५ प्रतिशत रहेको जोशीले बताउनुभयो ।

### मापदण्ड विपरीत ...

धेरैजसो निजी विद्यालयले अदालतको आदेशको पालना र शिक्षा ऐनले व्यवस्था गरेको मापदण्ड पुरा नगरेको पाइएकाले प्रहरी प्रशासन समेतको सहयोगमा कारवाही प्रक्रियामा जान लागेको उनको भनाई छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा सञ्चालन गर्ने तथा मापदण्ड पुरा नगरि सञ्चालनमा रहेका विद्यालय माथि कानुन बमोजिम कारवाही गरिने बताएका छन् ।

अनुगमन टोलीमा शिक्षा विकास समन्वय ईकाइका साथै जिल्ला प्रशासन कार्यालय र सम्बन्धित पालिकाको शिक्षा शाखा प्रमुख लगायतको सहभागिता रहेको छ ।

### पैत्रिक सम्पतीबाट ...

सो क्रममा मन्त्री लेखीले मानव सेवा आश्रमको भावनासँग आफू जोडिएको जिकिर गर्दै समाज परिवर्तन र सामाज रुपान्तरणको लागि आफ्नो विधार्थी जिवनदेखी नै विभिन्न अभियानहरुको नेतृत्व गरेको उल्लेख गरे । उनले आफ्नो गृह जिल्लाको सप्तकोसी नगरपालिकामा आश्रम निर्माणकै लागि आफ्नो पैत्रिक सम्पतीबाट दुई कठ्ठा जग्गा आश्रमको लागि दानमा दिएको समेत बताए ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयले यस पटकको गणतन्त्र तीन दिवसीय रुपमा मनाएको छ । पहिलो दिन मधेश भवन र प्रदेश मातहतका मन्त्रालयहरुमा सरसफाई, रक्तदान, दोश्रो दिन मधेश प्रदेशका प्रेस स्वतन्त्रता सेनानीहरुलाई नगद राशीसहित दोसल्ला ओढाएर सम्मान गरेको थियो ।

वि.स. २०६५ साल जेष्ठ १५ गते संविधानसभाको पहिलो ऐतिहासिक बैठकले एक शताब्दी लामो राजतन्त्रको अन्त्य गरी नेपाललाई संघीय गणतान्त्रिक मुलुक घोषणा गरिएको थियो । जनआन्दोलन २०६२/६३ को जगमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष जेठ १५ गते देशभर विभिन्न कार्यक्रम गरी यो मनाइने गरिन्छ ।

### अदालतबाट कैद...

सप्तरीको शम्भुनाथ नगरपालिका ७ का विकाश चौधरी र कुटपिट लुटपिट मुद्दामा पाँच दिन कैद तथा १० हजार रुँपैया जरिवाना गरिएको बोदेबरसाइन नगरपालिका १ का परशुराम चौधरी तथा सोही मुद्दामा जनही १/१ हजार जरिवाना तोकिएका तिलाठी कोइलाडी गाउँपालिका ४ का बलराम खंग र सुमिञ्ञा देवी खंग पनि पक्राउ परेका छन् ।

उनीहरुबाट तीन वर्ष ११ महिना ४ दिन कैद तथा २४ हजार २ सय रुँपैया जरिवाना असुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# लहानमा धमाधम 'ओभरपास' निर्माणको काम हुँदै

सिरहा, १६ जेठ (रासस) ।

पूर्व–पश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर-कमला सडक विस्तारको क्रममा लहानमा 'ओभरपास' निर्माण भइरहेको छ । 'चाइना रेलवे-२ इन्जिनियरिङ ग्रुप'ले आगामी डिसेम्बर ३१ सम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित कामलाई तीव्रता दिएको जनाएको छ ।

हालसम्म 'ओभरपास' निर्माणका लागि २६ मध्ये १४ पायल (पाइल) जमिनको सतहमा राख्ने काम सकिएको कञ्चनपुर-कमला सडक आयोजना पश्चिम खण्ड (सिराहा) तर्फका प्राविधिक शाखाका सूचना अधिकारी तथा इन्जिनियर सरोज कोइरालाले बताउनुभयो ।

“निर्धारित समयमा निर्माण सम्पन्न गर्ने उद्देश्यसहित आवश्यक उपकरणसहित बिहानदेखि रातिसम्मै काम भइरहेको छ”, उहाँले भन्नुभयो, “ओभरपासको कुल लम्बाइ ५५० मिटर हुने छभने यसको 'ग्राउन्ड क्लियरेन्स' छ मिटर हुनेछ । अन्तरराष्ट्रिय मापदण्डअनुसार यस 'ओभरपास' उचाइ छ मिटरको हुनेछ ।”

मिर्चैया चोकमा पनि 'ओभरपास' निर्माण सुरु गरिएको छभने यो सडकखण्डअन्तर्गत लहानमा पाँचवटा 'अन्डरपास' निर्माणसम्पन्न भएको छ । तर, विवादका कारण गोलबजारमा निर्माण गरिनुपर्ने दुईवटा 'अन्डरपास' निर्माण अझै सुरु हुन नसकेको इन्जिनियर कोइरालाको भनाइ छ ।

निर्माण कम्पनीले सप्तरीको कञ्चनपुरदेखि सिरहाको कमलासम्म ८६ दशमलव ८३ किलोमिटर सडक मध्यपश्चिम खण्ड (सिरहा) तर्फ बलान नदीदेखि कमलासम्म ४७ किलोमिटर सडके साढे ६२ प्रतिशत निर्माण प्रगति पुरा भएको र पूर्व खण्ड कञ्चनपुरदेखि कुशहवा (सप्तरी)तर्फ ३९ किलोमिटर सडकमध्ये ५७ प्रतिशत निर्माण प्रगति पूरा भएको जनाएको छ । आयोजनाको कुल लागत रु १५ अर्ब ६६ करोड ४४ हजार ९८३ रहेको छ ।

सन् २०२० अक्टोबर २९ देखि तीन वर्षभित्र निर्माणसम्पन्न गरिसक्ने गरी 'चाइना रेलवे-२ इन्जिनियरिङ ग्रुप'ले ठेक्का लिएको थियो । निर्धारित समयमा काम सम्पन्न नभएपछि पहिलोपटक म्याद थप गरी २०२४ डिसेम्बर २८ सम्म पुऱ्याइएको थियो । तर, थपिएको समयमा पनि निर्माणसम्पन्न नभएपछि अन्तिम पटकलाई भन्दै पुनः २०२५ डिसेम्बर ३१ सम्म म्याद थप गरिएको छ ।

# अब गणतन्त्रवादी शक्ति एक हुनुपर्ने बेला आएको छ : मन्त्री सुडी

काठमाडौँ, १६ जेठ (रासस) ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले संविधानको रक्षाका निम्ति सम्पूर्ण गणतन्त्रवादी शक्तिहरू एकजुट हुनुपर्ने आवश्यकता औंल्याउनुभएको छ ।

'सातौँ राष्ट्रिय महिला अधिकार दिवस-२०८२' का अवसरमा महिला मन्त्रालयले यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले पछिल्लो समय वर्तमान राजनीतिक व्यवस्थाप्रति विभिन्न टीका-टिप्पणी हुने गरेको उल्लेख गर्दै व्यवस्था रक्षाका निम्ति गणतन्त्रवादी राजनीतिक दल, नागरिक समाज र आम नागरिकबीच एकता हुनुपर्नेमा जोड दिनुभयो ।

संविधानमा उल्लेख सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी/समानुपाति र धर्मनिरपेक्षतालगायत प्राप्त उपलब्धि जोगाउनुपर्ने अहिलेको आवश्यकता रहेको मन्त्री सुडीको भनाइ छ ।

उहाँले महिलाको सवालमा संसदमा ३३ प्रतिशतको सुनिश्चितता र शासन प्रणाली र निर्वाचन प्रणालीलगायत प्राप्त अधिकारको रक्षा गर्दै थप अधिकारका निम्ति सम्पूर्ण महिलाहरू एकजुट हुँदै सङ्घर्ष गर्नुपर्ने आवश्यकता पनि औंल्याउनुभयो । मन्त्री सुडीले भन्नुभयो, “जबसम्म महिलाहरू आर्थिक रूपमा सम्पन्न हुँदैनन् र उनीहरूले पुरुष समान अधिकार पाउँदैनन्, तबसम्म समृद्ध नेपाल निर्माण हुन सक्दैन, त्यसकारण महिलाको उद्यमशीलताका लागि महिला मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।”

महिलाको संवैधानिक अधिकारको कार्यान्वयनसँगै महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन गर्नुपर्ने उहाँको भनाइ छ । “महिला र पुरुषबीच समानताका लागि परिवारबाटै छोरा/छोरीलाई समान अधिकारको सुरुआत गर्नुपर्छ, तर हाम्रो समाजमा बाबुआमाबाटै छोरा र छोरीलाई विभेद गर्ने प्रचलन अझै हटेको छैन, त्यसलाई हटाउन जरुरी छ”, मन्त्री सुडीले भन्नुभयो ।

प्रतिनिधिसभा, महिला तथा समाजिक समितिका सभापति किरणकुमार शाहले अहिले पनि समाजमा अवशेषका रूपमा रहेको बालविवाह, छाउपडी र बोक्सी प्रथा अन्त्यका निम्ति समितिले काम गर्दै आएको बताउनुभयो । राष्ट्रको समृद्धिका निम्ति राज्यको हरेक संरचनामा महिलाको जनसङ्ख्याको आधार ५० प्रतिशत महिलाको सहभागिता संवैधानिक र कानुनी रूपमा सुनिश्चित गर्नुपर्ने धारणा राख्नुभयो ।

राष्ट्रिय महिला आयोगका कार्यवाहक अध्यक्ष कृष्णकुमारी पौडेल खतिवडाले सदनमा जस्तै कार्यपालिकामा पनि महिलाको ३३ प्रतिशत सहभागिताको संवैधानिक रूपमा सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी, स्थानीय तहमा ४१ प्रतिशत महिलाको सहभागिता छ । 'महिला अधिकारको सम्मानः आत्मनिर्भरता हाम्रो अभियान' भन्ने मूल नारासहित देशैभरि विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

# रासायनिक मलको आपूर्ति वृद्धि गरी छ लाख मेट्रिक टन पुऱ्याइने

काठमाडौँ, १६ जेठ (रासस) ।

सरकारले रासायनिक मलको आपूर्ति वृद्धि गरी छ लाख मेट्रिक टन पुर्याउने भएको छ ।

सङ्घीय संसदको संयुक्त बैठकमा बिहीबार उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै रासायनिक मलमा अनुदानका लागि रु २८ अर्ब ८२ करोड लाग्ने बताउनुभयो । लगानी बोर्डमार्फत रासायनिक मल कारखाना स्थापना गर्न आवश्यक तयारी गरिने उहाँले बताउनुभयो ।

माटोको गुणस्तर कायम राखी उत्पादकत्व वृद्धि गर्न प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि रु ४० करोड विनियोजन गरिएको पनि अर्थमन्त्री पौडेलले बताउनुभयो । पुष्पलाल मध्यपहाडी राजमार्ग र मदन भण्डारी राजमार्गको आसपासका कृषियोग्य बाँझो जमिनमा उत्पादन प्रवर्द्धन गरिने भएको छ । यसअन्तर्गत नगदे बाली, पशुपालन, उच्च मूल्यका फलफूल, गैरकाष्ठ वन पैदावार, घाँस तथा कृषि वन प्रणालीको विस्तार गर्न रकम विनियोजन गरिएको अर्थमन्त्री पौडेलले बताउनुभयो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np